# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## मानव संसाधन व्यवस्थापन विभाग
## दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०८२ मंसिर १९ देखि विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्न आव्हान गरिएको छ। विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा बैंकले तोकेको सम्पूर्ण विवरण उक्त दरखास्त फाराममा उल्लेख गरी सोको साथ नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र (ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सम्बन्धित निकाय/संस्थाबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत), सहायक (सहायक द्वितीय) को हकमा लोक सेवा आयोगबाट मिति २०८२/०७/१५ मा एकीकृत परीक्षा प्रणालीको आधारमा सञ्चालित पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र, तोकिएका अन्य कागजात/प्रमाणपत्र र हालसालै खिचिएको पासपोर्ट साइजको फोटोको विद्युतीय प्रति संलग्न **(Scan/Attach)** गरी तोकिएको दस्तुर तिरी मिति २०८२ पुस १० सम्म र दोब्बर दस्तुर तिरी मिति २०८२ पुस १७ सम्म विद्युतीय माध्यममार्फत दरखास्त पेश गर्नुपर्नेछ। मिति २०८२ पुस १० सम्म जारी भएका शैक्षिक योग्यताको प्रमाणपत्र (समकक्षता आवश्यक परेमा सो समेत) मात्र आवेदनका लागि ग्राह्य हुनेछ। म्यादभित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन। लोक सेवा आयोगबाट परीक्षामा अनियमितता गरेको सम्बन्धमा यसअघि निश्चित अवधिसम्म आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाही भएको भएमा उक्त उम्मेदवार तोकिएको अवधिभित्र विज्ञापनको लागि दरखास्त पेश गर्न योग्य हुनेछैन। झुट्टा विवरण उल्लेख गरी विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ।

| विज्ञापन नं. | पद | श्रेणी | सेवा | पद संख्या | समूह/पद संख्या | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | |
| १३/२०८२ | सहायक निर्देशक (अर्थशास्त्र) | अधिकृत तृतीय | प्रशासन | १ | १ | | | | | | | |
| १४/२०८२ | सहायक निर्देशक (व्यवस्थापन) | अधिकृत तृतीय | प्रशासन | १ | १ | | | | | | | |
| १५/२०८२ | सहायक निर्देशक | अधिकृत तृतीय | प्रशासन | ३९ | २२ | ५ | ५ | ४ | १ | १ | १ | |
| १६/२०८२ | सहायक निर्देशक (लेखा/लेखापरीक्षण) | अधिकृत तृतीय | प्रशासन | १० | ५ | १ | १ | १ | १ | | १ | |
| १७/२०८२ | सहायक निर्देशक (वाणिज्य कानुन) | अधिकृत तृतीय | प्रशासन | ४ | २ | १ | | | १ | | | |
| १८/२०८२ | सहायक | सहायक द्वितीय | प्रशासन | २१ | १२ | ३ | २ | २ | | १ | १ | |

**विज्ञापन सम्बन्धी विशेष सूचना:** सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेशबमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था भएपश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

१ **आवश्यक न्यूनतम शैक्षिक योग्यता**

क) **विज्ञापन नं. १३/२०८२, सहायक निर्देशक, खुला (अर्थशास्त्र)** : स्वदेशी विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तहमा प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गरेको हुनुपर्नेछ।

ख) **विज्ञापन नं. १४/२०८२, सहायक निर्देशक, खुला (व्यवस्थापन)** : स्वदेशी विश्वविद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर तहमा प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गरेको हुनुपर्नेछ।

ग) **विज्ञापन नं. १५/२०८२, सहायक निर्देशक (खुला, महिला, आ.ज., मधेसी, दलित, अपाङ्ग, पि.क्षे.)**: मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

घ) **विज्ञापन नं. १६/२०८२ सहायक निर्देशक (लेखा/लेखापरीक्षण)** : मान्यताप्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी (CA/ACCA/CPA) परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ।

ङ.) **विज्ञापन नं. १७/२०८२ सहायक निर्देशक (वाणिज्य कानुन)** : मान्यताप्राप्त विश्वविद्यालयबाट कानुनमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेको वा अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर उत्तीर्ण गरी कानुन विषयमा स्नातक उत्तीर्ण गरेको हुनुपर्नेछ।

च) **विज्ञापन नं. १८/२०८२, सहायक (सहायक द्वितीय श्रेणी):** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ। साथै, लोक सेवा आयोगबाट मिति २०८२/०७/१५ मा एकीकृत परीक्षा प्रणालीको आधारमा सञ्चालन भएको सङ्गठित संस्थाहरूको अप्राविधिक तर्फका सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको पूर्वयोग्यता परीक्षामा उत्तीर्ण भई प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरू मात्र प्रमाणपत्र जारी गरेको मितिले एक वर्षभित्र प्रशासन सेवातर्फको सहायक (सहायक द्वितीय श्रेणी) पदमा दरखास्त पेश गर्न सम्भाव्य उम्मेदवार हुने भएकोले बहाल अवधि भित्रको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

२ **समावेशीताको आधार:** समावेशी समूहतर्फ फाराम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पि.क्षे. को लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।

३ **तलब भत्ता तथा सुविधा:** बैंकको नियमानुसार हुनेछ।

४ **उम्मेदवारको उमेर**

क) सहायक निर्देशक पदको लागि दरखास्त दिने अन्तिम मिति (२०८२ पुस १०) सम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ। महिला उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति (२०८२ पुस १०) सम्ममा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।

ख) सहायक पदको लागि दरखास्त दिने अन्तिम मिति (२०८२ पुस १०) सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। महिला उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति (२०८२ पुस १०) सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ।

ग) यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन।

५ **परीक्षाको किसिम**

क) विज्ञापन नं. १३/२०८२, १४/२०८२ र १५/२०८२ पदको लागि पूर्वयोग्यता परीक्षा, विषयगत लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ।

ख) विज्ञापन नं. १६/२०८२, १७/२०८२ र १८/२०८२ पदको लागि विषयगत लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ।

ग) विज्ञापन नं. १३/२०८२,१४/२०८२ र १५/२०८२ पदको लिखित परीक्षा संयुक्त परीक्षा प्रणाली मार्फत सञ्चालन गरिनेछ।

घ) पूर्वयोग्यता परीक्षा हुने पदको हकमा पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र विषयगत लिखित परीक्षामा समावेश गराईने छ।

ङ) विषयगत लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गराईनेछ।

६ **परीक्षा केन्द्र तथा परीक्षा सञ्चालन**

क) विज्ञापन नं. १३/२०८२, १४/२०८२ र १५/२०८२ को पूर्वयोग्यता तथा विषयगत लिखित परीक्षा तथा विज्ञापन नं. १६/२०८२ र १७/२०८२ को विषयगत लिखित परीक्षा लोक सेवा आयोगबाट काठमाण्डौमा सञ्चालन हुनेछ।

ख) विज्ञापन नं. १८/२०८२ पदको विषयगत लिखित परीक्षा लोक सेवा आयोगका धनकुटा, जलेश्वर, काठमाण्डौ, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयले तोकेबमोजिमका स्थानबाट सञ्चालन हुनेछ।

ग) सम्पूर्ण विज्ञापनहरुको अन्तर्वार्ता बैंकको केन्द्रीय कार्यालयबाट सञ्चालन गरिनेछ।

७ **पाठ्यक्रम:** सम्पूर्ण पदहरुको पाठ्यक्रम बैंकको वेवसाईटमा उपलब्ध छ।

८ **परीक्षणकाल अवधि:** महिला कर्मचारीलाई ६ महिना र पुरूष कर्मचारीलाई १ वर्ष।

९ **निवृत्तिभरण पाउने वा नपाउने: योगदानमा आधारित निवृत्तिभरण पाउने।**

१० **परीक्षा दस्तुर**

क) **अधिकृत तृतीय श्रेणीको लागि:** कुनै एक समूहको लागि रु.१,००० (एक हजार रूपैयाँ) र प्रत्येक थप समूहमा सहभागी हुन थप रु.४०० (चार सय रूपैयाँ)।

ख) **सहायक द्वितीय श्रेणीको लागि:** कुनै एक समूहको लागि रु.८०० (आठ सय रूपैयाँ) र प्रत्येक थप समूहमा सहभागी हुन थप रु.३०० (तीन सय रूपैयाँ)।

ग) **रीत नपुगेको कारणले अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन।**

११ **परीक्षा दस्तुर बुझाउने प्रक्रिया:** विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा पोर्टलमा उपलब्ध भुक्तानी सेवा प्रदायक मार्फत बुझाउनु पर्नेछ।

१२ **पदस्थापन:** विज्ञापन १८/२०८२ अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकका प्रदेशस्थित कार्यालयहरुमा पदस्थापन गरिनेछ। अन्य विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय वा प्रदेशस्थित कार्यालयहरुमा पदस्थापन गरिनेछ।

१३ **लिखित परीक्षाको सम्पर्क मिति:** लिखित परीक्षा सम्बन्धी सूचना लोक सेवा आयोगबाट पछि प्रकाशन हुनेछ।

१४ **दरखास्त पेश गर्ने तरीका:** सम्पूर्ण विज्ञापनहरुको दरखास्त विद्युतीय माध्यममा नेपाल राष्ट्र बैंकको वेवसाईट www.nrb.org.np को CAREER भित्र गई Online Portal for Open Competition वा https://jobs.nrb.org.np/ बाट पेश गर्नुपर्नेछ।

१५ विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१-५७१९६४१, ०१-५७१९६४२ एक्सटेन्सन नं. १२१८ र १२२५ मा सम्पर्क गरी अथवा यस बैंकको ईमेल career@nrb.org.np मा इमेलमार्फत बुझ्न सकिनेछ।

१६ यो सूचना तथा उपरोक्त पदहरुको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को CAREER मा राखिएको छ।

मिति: २०८२ मंसिर १९

कार्यकारी निर्देशक